सम्वत् २०७८ सालको कार्यविधि नं. १५

# भगवतीमाई गाउँपालिका टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७८/१२/०६

भगवातिमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश

# टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८

<u>प्रस्तावना:</u> स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफ ४ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यो कार्यविधिको नाम "भगवतीमाई गाउँपालिका टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०७८" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "टोल विकास संस्था" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र समाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्छ ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले भगवतीमाई गाउँपालिकाको वडालाई सम्झनु पर्छ।

(च) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले संस्थाको कार्य समिति सम्झनु पर्छ ।

(ज) "साधारण सभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## संस्थाको गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

३. **संस्थाको गठन** : (१) गाउँपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन:-

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) सदस्यहरु (तीन देखि सात जना सम्म)

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(५) कार्य समितिको कार्यावधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(७) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(९) उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ।

(१०) यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(११) संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ। साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका कम्तिमा ४० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ। एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

४. **कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्थाः** (१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

५. **संस्था सूचीकृत** : संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ:-

(क) संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचाको निवेदन तथा अनुसूची-२ विधान अनुसार निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची ३ बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-३

### संस्थाको काम कर्तव्य,अधिकारहरु

६. **टोल विकास संस्थाका कार्यहरु** : (१) टोल विकास संस्थका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

(ख) सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, बिबाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(प) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) घरेलु हिंसा, यौनजन्य हिंसा,मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(म) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बाल मैत्री, पोषण मैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र

गाउँ।नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(र) वडा कार्यालय गाउँपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४

## संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

७. संस्थाको कार्य समितिको बैठक : (१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्कता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा गाउँपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरु वैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(२) उदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन्।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ। संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

८. संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:- संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने ।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) <u>उपाध्यक्षको काम कर्तव्य र अधिकार:</u>

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) <u>सचिवको काम, कर्तव्य र अधिकार:</u>

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) <u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u>

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम,कर्तव्य र अधिकार

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकताअनुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## आर्थिक व्यवस्थापन

९. संस्थाको आम्दानी : (१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

(घ) गाउँपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम।

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम।

(च)  अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको वैंक खातामा जम्मा गर्नु पर्नेछ।

१०. **संस्थाको खर्चः** संस्थाको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

११. **संस्थाको लेखा, प्रतिवेदन तथा अन्यः**

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिसमा गाउँ कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यलय र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(७) गाउँपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. **<u>जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

## परिच्छेद –६
## विविध

१३. **<u>समन्वय समितिः</u>** (१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहाय बमोजिमको समन्वय समिति रहनेछ :-

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) टोलविकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका ३ जना -सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ।

१४. **बाधा अडकाउ फुकाउन सक्नेः** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

१५. **कार्य समिति भङ्ग गर्न सक्नेः** सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यवविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

१६. **कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः** (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ।

# <u>अनुसूची-१</u>

## टोल विकास संस्थालाई गाउँपालिकामा सूचीकृत गर्ने निवेदनको नमुना

मितिः ......................

श्री सचिवज्यू

वडा समितिको कार्यालय

वडा नं......भगवतीमाई गाउँपालिका।

**<u>विषयः टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा ।</u>**

उपर्युक्त सम्बन्धमा यस गाउँपालिका को वडा नं ...... स्थित ................टोलमा गठन गरिएको .............................. टोल विकास संस्थालाई ......................................सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस .................................. टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

<u>संलग्नः</u>

टोल भेलाको उपस्थिति र निर्णयः

कार्य समितिका सदस्यहरुको नाम थरः

पूर्व सिमानाः ...................................

पश्चिम सिमानाः ...............................

उत्तर सिमानाः ................................

दक्षिण सिमानाः ...............................

हालका जम्मा घरधुरीः

निवेदक

समितिको तर्फबाट

अध्यक्षको नामः ................................

टोल विकास संस्थाको नामः ..............

ठेगानाः ...........................

# अनुसूची-२

# ...................... टोल विकास संस्थाको विधान

## प्रस्तावनाः

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरि गाउँको अन्तरसम्बन्ध लाई सुदृढीकरण गर्न तथा गाउँको सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनिकरणका प्रयासमा ठोस योगदान पुऱ्याउन सहभागितात्मक योजना तर्जुमा गर्न, उद्यमी समाजको निर्माण गर्न तथा टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्न वातावरण सिर्जना गर्न .................................................................. टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

### परिच्छेद – १

### प्रारम्भिकः

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो विधान .................................................... टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ........................................................................ हुने छ ।

(ग) यो विधान ...................................... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

(घ) यस संस्थाको कार्यालय ................................................ मा हुनेछ ।

(ङ) यस संस्थाको सिमानाः

पूर्व............................................... पश्चिम.........................................

उत्तर............................................... दक्षिण.........................................

**२.परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(क) 'संस्था' भन्नाले ............................ टोल विकास संस्थालाई सम्झनु पर्छ ।

(ख) ' विधान ' भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(ग) 'साधारण सभा' भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

(घ) 'समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।

(ङ) 'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(च) 'कार्यमुलक उपभोक्ता समूह' भन्नाले साधारण सभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्था भित्र विभिन्न कार्य गर्नका निमित्त गठित समूहरुलाई सम्झनुपर्छ ।

(छ) 'पदाधिकारी' भन्नाले संस्था वा कार्यमुलक/ उपभोक्ता समूहका अध्यक्ष, कोषाअध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ ।

(ज) "उप-समिति" भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनुपर्छ ।

(झ)' बचत' भन्नाले साधारण सदस्यहरुबाट निश्चित अवधिमा सञ्चय गरेको रकमलाई सम्झनुपर्छ ।

(ञ) 'बचत कर्ता' भन्नाले संस्थाका बचत गर्ने सदस्यहरुलाई जनाउँछ ।

(ट) 'ऋण' भन्नाले एकमुष्ट वा किस्ताबन्दीका रुपमा फिर्ता बुझाउने गरी निश्चित अवधि, व्यजदर र उदेश्यका साथ प्रदान गरेको रकमलाई जनाउँदछ ।

(ठ) 'तोकिए वा तोकिए बमोजिम' भन्नाले संस्थाले समयसमयमा गरेका निर्णय बमोजिम निर्धारित कार्यविधि वा यस विधान अन्तर्गत बनाइएका नियमावली वा विनियममाम उल्लेखित कुराहरुलाई जनाउँदछ ।

**३.संगठित संस्था हुनेः**

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । सो छाप कार्यमुलक/ उपभोक्ता समुहले आ-आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् ।

(ख) संस्था तथा कार्यमुलक/उपभोक्ता समूहले व्यक्तिगत चल-अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछन् ।

(ग) संस्था वा कार्यमुलक/उपभोक्ता समुहले व्यक्तिसरह आ-आफ्नो नालिस उजुर गर्न र सोउपर नालिस उजुर लाग्न सक्नेछ ।

## परिच्छेद-२

**४.संस्थाका उद्देश्यहरुः** (१) संस्थामा आबद्द सबैखाले सदस्यहरुको संस्थागत, सामजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रमको सञ्चालन गरी गरिबी न्यूनीकरणमा मदत पुर्‍याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षामता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्याउने ।

(घ) स्थानीय स्तरबाट सिकेको अनुभवबाट गाउँ नगर सम्बन्ध विस्तार तथा शहरी समाज परिचालनको एउटा नमुना कार्यक्रम विकसित गरी देशको अन्य नगरपालिकामा विस्तार गर्न सहयोग गर्ने ।

(ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

(च) संस्थालाई गाउँपालिकाको सबभन्दा तल्लो इकाईको रुपमा स्थापित गराई सहभागितात्मक गाउँपालिका योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

**५.संस्थाका कार्यहरुः**

(क) प्रत्यक टोल स्तरमा शतप्रतिशत घरपरिवार सहभागिता भएका महिला वा पुरुष वा दुबैथरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।

(ख) सदस्यहरुबाट नियमित रुपमा बचत तथा परिचालन गर्ने ।

(ग) संस्थाका सदस्यहरुलाई उद्यमशिलतातर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघसंस्थाबाट ऋृण लिई उद्यम संचालन गर्नमा पहल गराउने ।

(घ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासिहरुको ज्ञान सिप बुद्धि गराउने कार्यमा सहयोग गर्ने ।

(ङ) टोलमा आइपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

(च) पिछडियका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागि सम्बन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

(छ) गाउँको अन्तरसम्बन्ध हुने गरी कार्यक्रमहरु तयार गरी आत्मनिर्भरतातर्फ अघि बढ्ने ।

(ज) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यान्वयकन गर्न तथा स्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्बन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

(झ) यसका अलावा गाउँको अन्तरसम्बन्ध बढाउन विभिन्न सिर्जनात्मक कार्यहरु गर्ने जस्तै, ग्रामिण क्षेत्रको उत्पादन शहरमा खपत गराउन/व्यापार गर्न प्रोत्साहन गर्ने । बजारमा माग भएअनुरुपको उत्पादन गर्न प्रोत्साहन गर्ने । ग्रामिण क्षेत्रमा गाउँपालिकाको सेवा सुविधाहरु विस्तार गर्ने सेवामूलक उद्यम सिर्जना गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद-३

**६.सदस्यताः**

(क) यस विधानको उद्देश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**७.सदस्यता नरहनेः**

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यालाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानि नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाइ संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धीत सदस्यलाई सफाइ दिने अवसरबाट बञ्चित गरिनेछैन । यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

## परिच्छेद-४

**८. संस्था गठन एव कार्य संचालन विधिः**

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मति निर्णयबाट टोलको क्षेत्र निक्यौल गरेपछी त्यस टोलभित्र बसोबास गर्ने सम्पूर्ण घरधुरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्ने उपस्थित भएकाहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन् ।

**९.संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः** (१) संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिमका हुनेछन् ।

**क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

टोल विकास संस्थालाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा संथाका अध्यक्षको काम, कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ ।

१) टोल विकास संस्थाको नियमित बैठक बोलउने/बैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यहरुको सहमति लिने ।

२) बैठकको अध्यक्षता गरि बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४) छलफल हुँदा सबैको विकार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्ने ।

६) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।

७) सचिव र षकोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुऱ्याउने ।

८) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९) संस्थाले आर्जन/ प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

१०) आवश्यक कार्यमा संस्थाको प्रतिनिधीहरु गर्ने वा गराउने ।

११) अन्य सहयोगि निकायहरुसँग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने ।

१२) विशेष बैठकको आवश्यक परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने ।

१३) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

ख) **संस्थाका सचिवको काम कर्तव्य र अधिकारः**

१) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३) एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विषेश बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्तावहरु संकलन गरि बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पूनः प्रत्यक सदस्यलाई हस्ताक्षर गर्न लागाउने ।

६) बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग गर्ने ।

७) संस्थाका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।

८) संस्था संचालनमा र अन्य सदस्यहरुलाई आवश्यक सहयोग गर्ने ।

ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

१) प्रत्यक बैठकमा सबै सदस्यबाट बचत संकलन गरी बचतको विवरण पेश गर्नुपर्नेछ ।

२) प्रत्यक सदस्यको बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।

३) व्यक्तिगत बचत खाताअनुसारको रकम प्रत्येक सदस्यको पासबुकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने ।

४) संकलित बचत रकम संस्थाको निर्णयअनुसार नजिकको बैठक खातामा जम्मा गरी/ गराइ बैठकमा प्राप्त भएका पासबुकमा उल्लेख गराउने ।

५) बैठकको निर्णयानुसार बचतको परिचालन गरी रेकर्ड राख्ने ।

६) निर्णय अनुसार गर्नुपर्ने लगानी गरी असूलीसमेत गर्ने र लगानी र असूलीको रेकर्ड राख्ने ।

७) सम्पूर्ण सदस्यहरुको गत बैठकसम्मको बचत रकम, बैंकमा रहेको रकमसँग भिडाउने ।

८) ऋण लगानी पश्चात प्राप्त व्यज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरी सबै सदस्यहरुको व्यक्तिगत खाता, पासबुक एवं बचत खातामा चढाउनुपर्ने ।

९) संस्थाले गरेको काम कारोवारको लेखापरीक्षण गराउने ।

१०) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

११) अन्य सदस्यहरुसँग समन्वय राखी सहयोग लिने दिने ।

१२) संस्थाको नगद र जिन्सी समानको जिम्मा लिई सुरक्षा गर्ने ।

**घ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

१) साझेदारीपत्रमा उल्लेखित सर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२) संस्थाको हिसाबकिताब बराबर चेक गर्ने ।

३) टोल विकास संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्याङ्कन नियमित रुपमा गर्ने । उनिहरुको काम सन्तोषजनक नभए उनीहरुलाई बदले अर्को गराउने ।

४) आवश्यकताअनुसार संस्था संचालनका लागि नीति नियमहरु बनाउने र सो नियमहरु पालना भएनभएको हेर्ने ।

५) आवश्यकताअनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

६) बैठकमा उपस्थित भई प्रत्यक छलफलमा भाग लिने ।

७) नियमित बचत बुझाउने र अरुलाई पनि बुझाउने प्रोत्साहित गर्ने ।

८) आफुले लिएको ऋण समयमा तिर्ने साथै ऋण असूली गर्न सहयोग गर्ने ।

## १०.संस्थाको बैठक र कार्य प्रणालीः

**(१) साधारण सभाको गठनः** संस्थाको सम्पूर्ण सदस्यहरु र सल्लाहकारसमेत रहेको एक साधारण सभा हुनेछ । साधारण सभा अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछन् । निजको अनुपस्तितिमा संस्थाको सचिव र निजको पनि अनुपस्तितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

## ११.साधारण सभाको काम, कर्तव्य र अधिकारः

क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश गरेको जुनसुकै विषयमा यथोचित् सल्लाह दिने ।

ख) लेखापरिक्षक न्युक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने ।

ग) संस्थाको गतसालको हिसाब विवरण र त्यस सम्बन्धमा लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने ।

घ) अख्तियार पर्दान गर्ने ।

ङ) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

च) विधान संशोधन गर्ने ।

छ) आवश्यकताअनुसार सल्लाहको मनोनयन गर्ने ।

ज) आवश्यकताअनुरुप टोल विकास योजना तथा उद्यम विकास योजना बनाउने संस्थालाई अधिकार प्रत्यायोजन गर्ने ।

## १२.आर्थिक व्यवस्थाः

**क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछः**

- सदस्यताबाट प्राप्त शुल्क ।
- सदस्यहरुबाट गरिने नियमित बचत ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट निः शर्त सहायता अनुदान ।
- दाताहरुबाट प्रीत निःशर्त सहयोग ।

- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार ।
- संस्थाको कोषबाट आर्थिक आय ।
- टोल विकास संस्थाले विभिन्न संघसंस्थाहरुसँग ऋण लिई आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी कमाएको ब्याज, सेवा शुल्क र हर्जनावापतको रकम ।
- अन्य आम्दानी ।

ख) प्रत्यक असार मसान्तमा लेखा तयार गरी परिक्षणपश्चात विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

ग) संस्थाको नाममा प्राप्त वा खरिद चल- अचल सम्पतिको परिचालन र प्रयोग तोकिएबोजिम हुनेछ ।

**१३.बचतः**

क) टोल विकास संस्थाका सदस्यहरुले सम्पूर्ण सदस्यहरुबाट नियमित रुपमा बचत गरी एक टोल विकास संस्थाको बचत खडा गर्नेछ ।

ख) उक्त संस्थाको बचत प्रयोगका लागि बैठकको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ ।

ग) संस्थाको बचत सामान्यतया सदस्यहरुको आर्थिक विकासमा खर्च गर्नुपर्नेछ ।

घ) यो बचत रकम संस्थाको कार्यक्षेत्रभित्र संस्थाका सदस्यहरुबीच तोकिएको सर्त र व्यवस्था अनुरुप लगानी र असूली हुनेछ ।

**१४.यो बचत रकम निरन्तर चल्ने र बृद्धि हुँदै जानेछ ।**

ङ) यो बचत रकम संलग्न सदस्यहरुको लावी रहनेछ ।

च) संस्थाको नयाँ सदस्य बनी संस्थामा प्रवेश हुन चाहेमा संस्थाको निरणयबमोजिम हुनेछ ।

छ) यो बचत रकम संचालन कार्यविधि तोकिएबमोजिम हुनेछ ।

ज) संस्था दर्ता खारजी वा विघटन भएमा संस्थाको सामुहिक सम्पत्ति नेपाल सरकारको हुनेछ । तर व्यक्तिगत बचत रकम तथा यसको आयहरु सदस्यहरुको हिसाब बमोजिम फिर्ता पाउनेछन् ।

**१५. राजिनामाः**

क) संस्थाका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

ख) अध्यक्षले आफ्नो राजीनामा सचिवमाफ्त संस्थाको बैठक पेश गर्नुपर्नेछ र सोउपर संस्थाले निर्णय गरेबमोजिम हुनेछ ।

**१६.अविश्वासको प्रस्तावः**

संस्थाको अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित् कारण देखाई संस्थाका ६७ प्रतिशत सदस्यहरुले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१७.विधानको संशोधनः**

यस टोल विकास संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्यगत समितिले स्वीकृत गरेपछी साधारणसभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले पारित गर्नुपर्नेछ ।

**१८.विविधः**

क) यस विधानबमोजिम टोल विकास संस्थालर् आफ्नो सदस्यहरुमध्येबाट आर्थिक विकासका लागि उद्यमी समुह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमुलक र उपभोक्ता समुह गठन गर्न सक्नेछ । उक्त उद्यम/ उद्यमी काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

ख) यो विधानको ब्याख्या गर्ने अधिकार संस्थाको साधारण सभामा निहित हुनेछ ।

ग) संस्थाले संस्थाको उद्देश्य पुर्तीका लागि विधानको अधिनमा रहि नियमानली बनाउन र उपसमिति गठन गर्नुपरेमा सो समेत गर्न सक्नेछ ।

घ) प्रचलित नेपालको ऐन- नियमहरु संग बाझीएका बुँदाहरु हदसम्म स्वतः खारेज हुनेछन् ।

# टोल विकास संस्थाको बचत विधान

## प्रस्तावनाः

परस्परको सद्भभाव र सहयोगमा स्थानीय रुपमा उपलब्ध सीप, स्रोत र साधनका अवसरहरुलाई अधिकतम परिचालन गरी विभिन्न उद्यमहरुको सिर्जना गरेर आर्थिक विकास गरी जनताको जीवनस्तर उकास्न आर्थिक रुपमा सक्षम र स्वावलम्बी बन्ने प्रयासमा अगाडी बढ्न विभिन्न किसिमका शीर्षकमा हुने फजुल खर्च घटाई बचत गर्ने बानिको विकास गर्न स्थानीय स्तरमै बचतको सिर्जना भएको छ । तेसैले थोपा- थोपा बचत गरेको रकम उचित ठाँउमा परिचालन तथा लगानी गरी व्यवस्थित र पार्दशि हिसाब राख्न वान्छनीय देखसएकोले यो बचत परिचालन नियमावली बनाइएको छ ।

### परिच्छेद-१

**१. प्रारम्भिकः**

१.१ संक्षिप्त नाम र प्रारम्भ

क) यो नियमावली ................................ बचत परिचालन नियमावली हुनेछ ।

ख) यो नियमावली संस्थाले अनुमोदन गरेको दिनदेखी लागु हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावली र यस अन्तर्गत बन्ने उप-नियमहरुमाः

- क) संस्थाः संस्था भन्नाले .......................... टोल विकास संस्थालाई सम्झनुपर्छ ।
- ख) विधानः विधान भन्नाले...................... टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।
- ग) बचतः बचत भन्नाले संस्थाको विधान बमोजिम स्थाका सदस्यहरुबाट नियमित संकलित रकमलाई सम्झनुपर्छ । जुन रकम पछी सदस्यहरुलाई फिर्ता दिइन्छ ।
- घ) टोल विकास कोषः टोल विकास कोष भन्नाले टोल स्तरमा विकास निर्माणको कार्य संचालनार्थ जम्मा गर्न रकमलाई सम्झनुपर्छ । यसको खर्च संस्थाको क्षेत्रभित्र विकास निर्माणमा मात्र गर्नुपर्छ ।

ङ) नियमावलीः नियमावली भन्नाले यस बचत परिचालन नियमावली र संस्थाको विधान बमोजिम गठित कार्यगत समूहहरुको नियमावलीलाई सम्झनुपर्दछ ।

च) सदस्यः सदस्य भन्नाले संस्थाको विधानबमोजिम सदस्यता प्राप्त गर्ने ब्यक्तिलाई जनाँउदछ ।

छ) पदाधिकारीः पदाधिकारी भन्नाले संस्था वा कायगतव समूहहरुको अध्यक्ष, कोषाध्यक्ष र सचिवलाई समेत सम्झनुपर्छ ।

३) **कार्यक्षेत्रः**

यस नियमावलीको कार्यक्षेत्र बचत तथा आर्थिक परिचालन सम्बन्धी हुनेछ ।

## परिच्छेद-२

४) **उद्देश्यः**

१. बचत गर्ने बानीको विकास गर्ने । बचत गर्न प्रेरित गर्ने ।

२. संस्थाको बचतबाट संस्थाका सदस्यहरुलाई लघु ऋण कार्यक्रम संचचालन गर्ने ।

३. स्थानीय स्तरमै आर्थिक रुपमा सक्षम बनाउने प्रयास गरी आर्थिक परिनिर्भरता घटाउने ।

४. विभिन्न उद्यमहरु तथा आर्थिक क्रियाकलापको सिर्जना गरी आय बृद्धि गर्ने ।

## परिच्छेद-३

५. **संस्थाको बचतः** संस्थाको विधानबमोजिम सदस्यता प्राप्त सदस्यले साप्ताहिक, पाक्षिक, मासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा जम्मा गरेको नियमित तथा ऐच्छिक गरेको बचत, संस्थाको बचत हुनेछ ।

६. **बचत** नियमित हुनुपर्दछ ।

७. नियमित बचत गर्ने सदस्यले प्रत्येक महिनाको .................... गते भित्र बुझाई सक्नुपर्नेछ ।

८. बचत प्रत्यक महिनाको ........ भित्र नबुझाएमा रु ............. हर्जाना र जरिवाना सहित अर्को महिनामा बुझाउनु पर्नेछ । अर्को महिनामा पनी बुझाएमा रु .. का दरले प्रति बहिना हर्जना लाग्नेछ ।

९. विना जानकारी र मुनासिब माफिकको कारण नभई लगातार .............. महिना सम्म बचत संकलन नगरे संस्थाको विधान धारा ................. बमोजिम सदस्यता खारेज हुन सक्नेछ ।

**१०.** बचत रकम लगानी नभई नगद मौज्दात रहन गएमा संस्थाका अध्यक्ष र कोषाध्यक्षको (आवश्यकता परे सचिव पनि) संयुक्त हस्ताक्षरमा बैंक खाता खोलि जम्मा गर्न सक्नेछ ।

## परिच्छेद-४

**११. ऋण लगानी असूली प्रक्रियाः** (१) संस्थाको बचतबाट ऋण लगानी गर्दा बमोजिम गरिनेछ ।

क. यस बचतबाट ऋण लिन चाहने सदस्यले कुन उद्देश्यका लागि कति रकम चाहिनेहो सो कुरा खुलाई संस्थामा रु ................. नगदै संलग्न गरी निवेदन दिनु पर्नेछ ।

ख. लिखित रुपमा नदिएको निवेदन र नगद रकम संलग्न नगरी दिएको निवेदन मान्य हुने छैन ।

ग. निवेदन बाट संकलन हुने निवेदन दस्तुर रकम संस्था संचालन प्रयोजनका लागि खर्च हुनेछ ।

घ. निवेदन उपर छानविन गरी प्राथमिकताक्रम निर्धारण गरी उक्त प्रथामिकता क्रमको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

ङ. निवेदन उपर छानविन गर्न संस्थाबाट ऋण लगानी छानविन समिति बनाउन सकिनेछ ।

च. ऋण असुलीको भाखा १ महिना देखि बढीमा १८ महिना सम्मको हुनेछ ।

छ. प्राथमिकता क्रम निर्धारणः

१. दैवी प्रकोप

२. आयमुलक कामको लागि

३. घर व्यवहारमा

४. अन्य

ज. ऋण लगानी सम्बन्धित कुनै विवाद परेमा संस्थाको बैठकको निर्णय अन्तिम हुनेछ ।

झ. ऋण लगानी अनूलीको लेखा मुख्य ऋण

ञ. ऋण लिएको सदस्यले भाका अवधिभित्र ऋण भुक्ता नगरेमा ................... प्रतिशतको दरले थप हर्जाना जरिवाना लिई ऋण असुली गरिनेछ ।

ट. ऋण लिएको सदस्यले भाका अवधि नाघी सकेपछी पनी आलटाल गरेमा एक पटक संस्थाले लिखित जानकारी दिने र त्यस पछी पनी ऋण चुक्ता नगरेमा निजको चल अचल सम्पत्तिबाट असूल गरिनेछ ।

ठ. ऋण असूली ब्याज परिवर्तन गर्नुपरेमा संस्थाको साधारण सभाबाट पारित भए बमोजिम हुनेछ ।

**१२. टोल विकास कोषः देहाय बमोजिमको रकम टोल विकास कोषमा जम्मा हुनेछ ।**

क. विभिन्न संघ संस्थाबाट विकास निर्माणको लागि प्राप्त अनुदान रकम ।

ख. व्यक्तिहरुले विकास निर्माणको लागि दिएको चन्दा पुरस्कार रकम ।

ग. संस्था मार्फत सामुदायिक काम गरी आर्जन गरेको र विकास निर्माणमा अनुदान रकम ।

घ. कार्यक्रम तथा गाउँपालिकाबाट योजना संचालनको लागि दिएको अनुदान रकम ।

१३. टोल विकास कोषको रकम संस्थाको साधारण सभाले पास गरेको खण्डमा कुनै सामाजिक कामकाजको लागि खर्च गर्न सकिनेछ ।

१४. टोल विकास कोषको रकम संस्थाको साधारण सभाले पास गरेको अन्य ब्यक्ति वा संघ संस्थालाई विश्चित ब्याज दरमा निश्चित समयको लागि ऋण लगानी गर्न सकिनेछ ।

१५. टोल विकास कोषमा कुनै सदस्य संस्थाबाबट छाडे पनी दाबी रहने छैन । तर संस्थाले कारबाही गरी निष्कासित गरेमा वा जुनसुकै तवरबाट संस्था छाडे पनि दाबि रहने छैन । तर संस्था विघटन हुने अवस्था आएर संस्था विघटन भएको खण्डमा विघटन हुँदा सम्म संस्थाको सदस्य भई संस्थामा बस्ने सदस्यको दावी रहनेछ ।

१६. दफा १५ मा जुनसुकै कुरा लेखिएको भएतापनी टोल विकास कोष संस्थाले कुनै सामाजिक कामको लागि प्रयवग गर्ने निर्णय गरेमा त्यस कोषमा संस्थाको सदस्य भए पनि दावजि रहने छैन ।

## <u>परिच्छेद-५</u>

१७. यस संस्थाको बचतको लेखाप्राणाली लेखाको सामान्य सिद्धान्त अनुसार लेजर फारम अनुसार राखिनेछ ।

१८. लेखा तथा कारोबारको मुख्य जिम्मेवारी व्यक्ति कोषाध्यक्ष हुनेछ ।

१९. संस्थाको निर्णयबिना संस्थाको अध्यक्ष, कोषाध्यक्ष र सचिव तथा कुनै सदस्यले आफ्नो मनोमानीले आर्थिक कारोवार गर्न पाउनेछैन ।

२०. संस्थाको बचतको आम्दानी खर्च प्रत्यक महिनाको मासिक बैठकमा कोषाध्यक्षले पेश गर्नुपर्नेछ ।

२१. लेखापरिक्षणः प्रत्येक आर्थिक वर्षको अन्तमा संस्थाद्धारा नियुक्त लेखापरिकबाट लेखापरिक्षण गराउने र लेखापरिक्षकले दिएको प्रतिवेदन सार्वजानिक गर्ने ।

२२.आर्थिक वर्षः संस्थाको आर्थिक वर्ष......... बाट शुरु भई .................... सम्म हुनेछ ।

२३. नियमावली संशोधनः नियमावलीको संशोधन गर्नुपरे संस्थाको साधारण सभाबाट सर्वसम्मत पास गरेमा नियमावलीको संशोधन गर्न सकिनेछ ।

२४. बाझिएको हद सम्म निष्किय हुनेः यस नियमावलीमा लेखिएको कुराहरु संस्थाको विधान र प्रचलित ऐन, कानुनसँग बाझीएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

# अनुसूची-३

भगवतीमाई गाउँपालिका

## ............. नं. वडा कार्यालय

..............., दैलेख

कर्णाली प्रदेश, नेपाल

# प्रमाण-पत्र

यस वडा कार्यालयको सक्रियतामा भगवतीमाई गाउँपालिका वडा नं ........ स्थित .................... मा गठन भएको ............................. टोल विकास संस्थालाई यस कार्यालयमा मिति................. मा दर्ता गरी यो प्रमाण- पत्र प्रदान गरिएको छ ।

यस गाउँपालिकाको आर्थिक, भौतिक, पूर्वाधार, सहरी सुशासन तथा मावन संसाधन विकासमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षा साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

..........................................

वडा सचिव